सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं. : ०९१-५२०१०७
:०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७९/८०
चलानी नं. : २

मितिः २०७९/०४/०१

**विषयः वित्तीय हस्तान्तरण अनुदान खर्च गर्ने सम्बन्धी मार्गदर्शन।**

**श्री स्थानीय तह (सबै)**

**अछाम, बझाङ्ग, बाजुरा, डोटी, दार्चुला, डडेल्धुरा, बैतडी, कैलाली, कञ्चनपुर,**

**सुदूरपश्चिम प्रदेश ।**

चालु आर्थिक वर्ष २०७९/८० का लागि तहाँ स्थानीय तहहरुलाई सुदुरपश्चिम प्रदेश सरकारबाट हस्तान्तरण गरिएका समपूरक, विशेष तथा सशर्त अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरुलाई वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५, प्रदेश समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६, प्रदेश विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६, सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ र अन्य प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डमा भएको व्यवस्थाहरुको सहज तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रयोजनको लागि देहायको मार्गदर्शन पठाइएको छ। तहाँ प्राप्त हुने विशेष अनुदान, समपूरक अनुदान तथा सशर्त अनुदानतर्फका आयोजना कार्यान्वयन गर्दा तत् सम्बन्धी कानून, मापदण्ड वा कार्यविधि अनिवार्य रुपमा पालना गर्नु नै हुनेछ साथै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरुले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नु नै हुनेछ । कानून, मापदण्ड वा कार्यविधि पालना नगरी सिर्जना भएका कुनै पनि दायित्वका सन्दर्भमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत नै पूर्णतः जिम्मेवार हुनुपर्ने व्यवस्था ध्यानाकर्षण गराउन चहान्छु।

**(क) विशेष अनुदान रकम खर्च गर्ने मार्गदर्शनः**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयहरुले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछ र स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना तथा कार्यक्रमहरुमा मात्रै खर्च गर्नु पर्नेछ।

२. अनुदान वापतको रकम स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ ।

३. अनुदान रकम खर्च गर्दा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली अपनाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किङ प्रणाली मार्फत गर्नु पर्नेछ ।

४. अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ।


website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालय धनगढी, कैलाली नेपाल

पत्र संख्या : २०७९/८०
चलानी नं. : २

५. अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्दा तोकिएको समयावधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

६. सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्रका अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालय समक्ष प्रदेश विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ को अनुसूची-२ बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

७. विशेष अनुदान वापत प्रदेश सरकारबाट हस्तान्तरण भई आएको रकम सम्वत् २०८० साल आषाढ मसान्तसम्म खर्च नभएमा सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत फिर्ता दाखिला गर्नु पर्नेछ।

८. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, चालु आर्थिक वर्षमा विनियोजित रकम, ठेकेदार वा उपभोक्ता समितिको नाम तथा ठेगाना आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

९. विशेष अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा उपभोक्ता समितिबाट सञ्चालन हुने भएमा उपभोक्ता समितिको कम्तिमा २० प्रतिशतको लागत सहभागिता हुनु पर्नेछ।

१०. आर्थिक वर्ष २०७८/७९ मा प्रदेश अन्तर्गत विशेष अनुदानबाट प्राप्त आयोजनाहरुको कार्यान्वयन प्रगति तथा सम्पन्न प्रतिवेदन, खर्च नभएको बचत रकम फिर्ता गरेको भएमा सोको कागजात र बचत रकम फिर्ता नभएको भए सो रकम फिर्ता गरी सोको विवरण आर्थिक वर्ष २०७९/८० को असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पेश गर्नु पर्नेछ। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४ को उपदफा (११) र (१२) मा भएको व्यवस्था कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँदछु।

**(ख) समपूरक अनुदान रकम खर्च गर्ने मार्गदर्शन :**

११. स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना तथा कार्यक्रमहरुमा मात्रै खर्च गर्नुपर्नेछ ।

१२. अनुदान वापतको रकम स्थानीय तहले आफ्नो वार्षिक विकास कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

१३. अनुदान रकम खर्च गर्दा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली अपनाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली एवम् सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्नु पर्नेछ।

१४. अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
फोन नं. : ०९१-५२०१०७
:०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७९/८०
चलानी नं. : २

१५. अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्दा तोकिएको समायावधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

१६. सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्रका अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालय समक्ष प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ को अनुसूची-२ बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१७. समपूरक अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन गर्न पाइने छैन । समपूरक अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिबाट सञ्चालन गरिएमा त्यस्तो आयोजना तथा कार्यक्रमहरुको भुक्तानी निकासा रोक्का गरिनेछ र यस सम्बन्धमा सम्बन्धित स्थानीय तह नै जिम्मेवार हुनेछ।

१८. निर्माणस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, चालु आर्थिक वर्षमा विनियोजित रकम, ठेकेदारको नाम तथा ठेगाना आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

१९. आर्थिक वर्ष २०७८/७९ मा प्रदेश अन्तर्गत समपूरक अनुदानबाट प्राप्त आयोजनाहरुको कार्यान्वयन प्रगति तथा सम्पन्न प्रतिवेदन, खर्च नभएको बचत रकम फिर्ता गरेको भएमा सोको कागजात र बचत रकम फिर्ता नभएको भए सो रकम फिर्ता गरी सोको विवरण आर्थिक वर्ष २०७९/८० को असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पेश गर्नु पर्नेछ। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४ को उपदफा (११) र (१२) मा भएको व्यवस्था कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँछु ।

**(ग) सशर्त अनुदान रकम खर्च गर्ने मार्गदर्शन :**

२०. स्थानीय तहले सशर्त अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना तथा कार्यक्रमहरुमा मात्रै खर्च गर्नु पर्नेछ।

२१. सशर्त अनुदान बापत प्राप्त रकम अन्य खर्च शीर्षकहरुमा रकमान्तर गरिने छैन।

२२. सञ्चालित आयोजनाहरुको कार्य सम्पन्न भई सकेपछि आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षण गर्नुपर्ने छ। सो परीक्षणको प्रतिवेदन प्राप्त नभएसम्म अन्तिम किस्ता भुक्तानी गरिने छैन।

२३. सशर्त अनुदान वापत प्राप्त रकमबाट सञ्चालित आयोजना तथा कार्यक्रम तोकिएको समयावधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

२४. सशर्त अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।


website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

सुदूरपश्चिम प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

फोन नं. : ०९१-५२०१०७
:०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल



सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
नेपाल


पत्र संख्या : २०७९/८०
चलानी नं. : २

२५. सशर्त अनुदानबाट हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमहरुको वित्तीय र भौतिक प्रगतिको अनुगमन प्रदेशको आर्थिक मामिला मन्त्रालय र विषयगत मन्त्रालयले समेत गर्न सक्नेछ।

२६. चालु आर्थिक वर्षमा कुनै मनासिव कारणले सशर्त अनुदान रकम खर्च हुन नसकेमा खर्च हुन बाँकी रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ र सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयलाई दिनु पर्नेछ । यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४ को उपदफा (११) र (१२) मा भएको व्यवस्था कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँदछु।

(जितेन्द्र बस्नेत)
प्रदेश सचिव

प्रदेश सचिव

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ।

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाण्डौ।

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, धनगढी, कैलाली।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

श्री प्रदेश लेखा इकाई कार्यालय, सुदूरपश्चिम प्रदेश, (९ वटै)।

 website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com